# अपि पावर कम्पनी लिमिटेडको

## उन्नाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिति २०७९/१०/१७ गते, अपरान्ह ४:३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १९औं वार्षिक साधारण सभा निम्न लिखित स्थानमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएकोहुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१९औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** : २०७९ साल फाल्गुण १४ गते (Sunday, 26th February, 2023)

**स्थान** : वानेश्वर ब्याङ्क्वेट, थापागाउँ, काठमाडौंबाट सभा संचालन हुनेछ ।

**समय** : बिहान ११:०० बजे देखि

**१९औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०७९/०८० का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) १९औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिसम्म कायम शेयरधनीहरुलाई आ.व. २०७८/०७९ को मुनाफाबाट ०.३९४७ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०७८/०७९ को खुद मुनाफाबाट चुक्ता पूँजीको ७.५ प्रतिशतका दरले वोनश शेयर पारित गर्ने सम्बन्धमा ।

२) आर्थिक वर्ष २०७८/०७९ को ७.५ प्रतिशत वोनश शेयर वितरण पश्चात् कायम हुने चुक्ता पूँजी रु. ४१३.१५ करोडको १ शेयर बराबर ०.४० का दरले हुने रु. १६५.३४ करोड बराबरको हकप्रद शेयर निष्काशन गर्न स्वीकृति प्रदान गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीले संचालन गरी विद्युत उत्पादन गरिरहेको जलविद्युत र सौर्य विद्युत आयोजनाहरुको ऋणमोचनका लागि उपयोग गरिनेछ ।

३) कम्पनीको वोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको पूँजी संरचनामा बृद्धि हुने भएकोहुँदा सो प्रयोजनाका लागि प्रवन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धमा ।

४) हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**१९औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरु:**

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिनहुन अनुरोध छ ।

२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।

३) १९औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०७९ साल फाल्गुण ४ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ । मिति २०७९ साल फाल्गुण ४ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई तीन कार्य दिन भित्र शेयर दाखेल खारेजका लागि प्राप्त शेयरहरुबाट कायम शेयरधनीहरु मात्र यस आ.व. २०७८/०७९ को खुद मुनाफा प्राप्त गर्न र यस सभामा भाग लिन योग्य हुनेछन् ।

४) साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।